# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३ ] काठमाडौं, चैत्र १० गते २०२० साल [ संख्या ४६

### श्री ५ को सरकार
### अर्थ मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको कर्मचारी सञ्चय कोषबाट कर्मचारीलाई सापटी दिने नियम २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

कर्मचारी संचय कोष ऐन, २०१९ को दफा ३० को उप-दफा (२) को खण्ड (ज) र दफा १९ को उप-दफा (छ) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कर्मचारी संचय कोषसंग परामर्श गरी देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमहरूको नाम कर्मचारीलाई सापटी दिने नियमहरू २०२० रहेको छ ।

(२) यो नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमहरूमाः-

(क) "ऐन" भन्नाले कर्मचारी संचयकोष ऐन, २०१९ सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले श्री ५ को सरकारको जङ्गी र निजामति सबै कर्मचारीहरू र ऐनको दफा १६ को उप-दफा (१) अन्तर्गत संगठित स्वशासित संस्थाका कर्मचारीहरूलाई सम्झनु पर्छ ।



५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. सापटीको व्यवस्था:- कर्मचारीलाई सापटी दिने नदिने वा कति दिने वा के दररेटमा दिने तथा सो सम्बन्धी अन्य सबै कुरा यी नियमहरूका अधीनमा रही कोषले समय समयमा सामान्य रूपमा निर्धारित गरे बमोजिम हुनेछ ।

४. बढी रकम पनि सापटी दिन सकिने :– (१) श्री ५ को सरकार वा संस्था वा कम्पनीवाट कर्मचारीलाई बिक्री हुने कुनै बस्तुको मोल भुक्तानी गर्न वा अन्य कुनै आवश्यक काम परेमा कोषमा सो कर्मचारीको नाममा जम्मा भएको रुपैयां भन्दा बढी पनि कोषले व्याजी सापटी दिन सक्नेछ ।

तर सो सापटी दिनु वा पाउनुभन्दा अगावै सो सापटीको सांवा र व्याजको भुक्तानीको ग्यारेण्टी श्री ५ को सरकारले गर्नुपर्छ र ग्यारेण्टी गरेको रकममध्ये भुक्तान नगरे सम्मको रकम (साँवाव्याज) श्री ५ को सरकारको संचितकोष प्रति व्यय-भार हुनेछ ।

स्पष्टीकरण:– भुक्तानी नगरेमा भन्नाले कोषलाई बुझाउनुपर्ने रकम समय भित्र नबुझाएकोलाई सम्झनु पर्छ ।

(२) उप–नियम (१) अन्तर्गत पाएको सापटी रकम र त्यसमा लाग्ने व्याज कोषले तोकेको समयभित्र सम्बन्धित कर्मचारीले नबुझाएमा वा सो कर्मचारी भागी नाशी गएमा वा अवकाश पाएमा वा सस्पेण्ड भई वा अन्य कुनै कारणले भुक्तान नगरेमा सो बांकी जम्मै रकम सांवा र भुक्तानी हुन अवधिसम्मको व्याजसहित श्री ५ को सरकारले एक वर्षमा नबढाई यथाशीघ्र कोषलाई बुझाउनु पर्छ ।

५. आंशिक सापटी दिन सकिने:– (१) कुनै कर्मचारीको नाममा कोषमा जम्मा भएको रुपैयांमध्ये जम्मै वा केही सो कर्मचारीलाई आवश्यक भएमा र निजको सम्बन्धित अधिकारीले सिफारिश गरेमा कोषले सापटी दिन सक्नेछ । तर एक पटक लिएको सापटी भुक्तानी नभएसम्म कसैले अर्को सापटी पाउने छैन ।

(२) उप–नियम (१) अन्तर्गत पाएको सापटीको सांवा र व्याज कोषले तोकेको समयभित्र बुझाउनु पर्छ ।

(३) उप–नियम (१) अन्तर्गत लिएको सापटीको भुक्तानी नगर्दै कुनै कर्मचारीको मृत्यु भएमा वा निज नोकरीमा नरहेमा सो कर्मचारीको नाममा कोषमा जम्मा रहेको रुपैयांबाट सो सापटी रकम सांवा र व्याजसहित कोषले कट्टी गरी मिलाउन सक्ने छ । सो जम्मा भएको रकमबाट सापटी दिएको रकममा कट्टा गरी मिलाउंदा नपुग भएको रकम सापटी लिने कर्मचारीको अरू जायज्यथाबाट जो जे गरी असूल उपर गर्नुपर्छ सो सम्बन्धी सबै कारवाई श्री ५ को सरकार अर्थ मन्त्रालयले गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. शर्त बमोजिमको रकम कट्टी गरी कोषमा दाखिल गर्नुपर्ने :– कुनै कर्मचारीले कोषबाट पाएको सापटी रकमको सांवा व्याज सो कर्मचारीले कोषमा कबूल गरेको शर्त बमोजिम सो कर्मचारीले पाउने तलबबाट तलब दिने अधिकारीले कट्टी गरी समयमै कोषको नाममा नेपाल राष्ट्रबैंक, माल वा कोषले अधिकृत गरेको बैंकमा बुझाई कोषलाई सूचना दिनुपर्छ ।

७. बांकी रकम असूल उपर गर्ने सम्बन्धी कारवाइ :– माथि जेसुकै लेखिएको भए तापनि यी नियमहरू अन्तर्गत कुनै कर्मचारीले पाएको सापटी रकम समयभित्र भुक्तान नगरेमा जो जे गरी असूल उपर गर्नुपर्छ र सो सम्बन्धी कारवाइ श्री ५ को सरकार अर्थ मन्त्रालयले गर्नुपर्छ ।

८. कोषको कर्मचारीहरूको सम्बन्धमा विशेष व्यवस्था :– यी नियमहरूमा जेसुकै लेखिएको भए तापनि कर्मचारी संचय कोषका कर्मचारीहरूलाई समितिले गरेको निर्णय बमोजिम सापटी वा पेश्की दिन बाधा पुऱ्याएको मानिने छैन ।

आज्ञाले
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको
## सूचना

भन्सार ऐन, २०१९ को दफा ६ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सर्वसाधारणको जानकारीको लागि यो आदेश जारी गरेको छ ।

मलया, हंकंगस्थित बृटिश गोरखा फौजमा भर्ना भएका जवानहरू बिदा वा अवकाश पाई नेपाल फर्कदा बचोट भएका सुन चांदी गहना छुटाउ बारे फौजी जवानको साथै फर्कने तीन वर्षभन्दा बढी उमेर भएका परिवारका प्रत्येक सदस्यलाई पनि एकसरो गहनासमेत गरी जम्मा सुन तोला १० दश सम्मलाई मात्र भारत बाट पैठारी हुने सुनमा लाग्ने दरबन्दी सरह भन्सार महसूल लगाई लिइने छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव।

८९३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालय

### ( साधारण अर्थ शाखा )

कर्मचारी संचयकोष कट्टी गर्ने तरीकाबारे नियम, २०२० मिति २०२० फागुन १६ गतेको नेपाल गजेट भाग ३ खण्ड १३ संख्या ४६ मा प्रकाशित भईसकेकोले उक्त नियमको नियम ५ संग सम्बन्धित तल लेखिए बमोजिमको अनुसूची सोही नियमको सिलसिलामा प्रकाशित गरिएको छ।

अर्थ मन्त्रालय
(साधारण अर्थशाखा)

मुद्रण विभाग, सिंहदरबार

५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची

## ( नियम ५ संग सम्बन्धित )

अफिसको नाम ... ... ... ... ... ... ...
... ... ... ... साल ... ... महीनाको ...
दाखिल भएको बैंक ... ... ... ... वा माल अड्डा
ने. रू. ... ... ... ... दाखिल गरेको मिति ...

| सि.नं. | परिचयपत्रको नम्बर | नाम थर | तलव दर | | संचय कोष कट्टी | | सरकारी थप | | सापटी कट्टी | | कोषमा कट्टी हुने अन्य रकम | | सञ्चय कोष दाखिल जंमा | | कर्मचारीको दस्तखत | कै.फि.यत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | रू. | पै. | रू. | पै. | रू. | पै. | रू. | पै. | रू. | पै. | रू. | पै. | | |
| | | | | | | | | | | | | | | | | |
| | | जम्मा | | | | | | | | | | | | | | |

जम्मा ( अक्षरेपी ... ... ... ... ... ... )

स्थान :-

मितिः-

एकाउण्टेण्ट, तहरिर वा दाम काम
दस्तखत ...

विभागीय प्रमुख, अड्डा प्रमुख वा अधिकृत
अधिकारीको दस्तखत ... ...

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।